# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्मको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय ९.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा प्रदाय ४ प्रतिशतले बढेको थियो । त्यस्तै संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.८ प्रतिशतले बढेको छ। नेपाल सरकार र निजी क्षेत्रतर्फ बैंक कर्जा बढेकोले आन्तरिक कर्जामा वृद्धि आई मौद्रिक योगाङ्कहरू बढ्न गएका हुन ।

२. आवधिक निक्षेप अघिल्लो वर्ष ४.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा उल्लेख्य ११.७ प्रतिशत (रू ३१ अर्ब ५५ करोड) ले बढी रू ३ खर्ब १८ करोड पुगेको छ। निजी क्षेत्रको उच्च विप्रेषण आप्रवाहका अतिरिक्त तीन नयाँ बैंकहरू संचालनमा आएका र विद्यमान बैंकहरूले उल्लेख्य शाखा विस्तार गरेका कारण आवधिक निक्षेप बढेको हो ।

३. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ५ अर्ब ७८ करोड अर्थात् ४.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रू २ करोड ४१ लाखले मात्र बढेको छ। निजी क्षेत्रको उच्च विप्रेषण आप्रवाह तथा पर्यटन क्षेत्रबाट प्राप्त विदेशी मुद्रा आय वृद्धिका बाबजुद खुद वैदेशिक सहयोगमा कमी आएको, नेपाल आयल निगमको भारतीय आयल निगमलाई गरेको भुक्तानी बढेको र निर्यात बढ्न नसकेको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धिदर सिमान्त रहेको हो ।

### कुल आन्तरिक कर्जा

४. अघिल्लो वर्ष आन्तरिक कर्जा २.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.४ प्रतिशतले बढेको छ। नेपाल सरकारमाथिको खुद दावी बढ्नुको अतिरिक्त निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेकोले आन्तरिक कर्जा बढेको हो ।

५. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ११.१ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.८ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा नेपाल सरकारको साधन परिचालनको तुलनामा खर्च उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी बढेको हो ।

६. वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा १०० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त दावी २९.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूले वित्त कम्पनी, विकास बैंक तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढाएकोले वित्तीय संस्थाहरूमाथिको दावी बढेको हो ।

७. अघिल्लो वर्ष निजी क्षेत्रतर्फ जाने कर्जा ६.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा तीन नयाँ बैंकहरू सञ्चालनमा आएका र बैंकहरूले उत्पादन, निर्माण, सञ्चार तथा यातायात र सेवा क्षेत्रहरूमा कर्जा प्रवाह बढाएकोले गर्दा निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएको हो। समीक्षा अवधिमा आइरन रड, टेक्सटाईल, सिमेण्ट, सवारी साधन, घर जग्गा तथा आवास निर्माण र पर्यटन क्षेत्रतर्फ बैंक कर्जा बढी प्रवाह भएको छ।

सञ्चित मुद्रा

८. अघिल्लो वर्ष १.२ प्रतिशतले घटेको सञ्चित मुद्रा समीक्षा अवधिमा २.१ प्रतिशतले बढेको छ। यस अवधिमा मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा कमी आएतापनि नेपाल सरकारमाथिको खुद दावी बढेकोले सञ्चित मुद्रा बढेको हो।

विदेशी मुद्रा कारोवार

९. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४६ करोड ४८ लाखको खुद खरीद गरी रू २९ अर्ब ७६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो हस्तक्षेपमार्फत अमेरिकी डलर ३९ करोड ४५ लाख खुद खरीद गरी रू २८ अर्ब ९० करोड बराबरको खुद तरलता प्रवाह भएको थियो।

१०. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा अमेरिकी डलर ५५ करोड बिक्री गरी रू ३५ अर्ब ८ करोड बराबरको भा.रू. खरीद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा ३२ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू २३ अर्ब ३९ करोड बराबरको भा.रू. खरीद भएको थियो। समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिनुपर्ने बक्यौता गत वर्ष भन्द बढी भुक्तानी गरेको र भारतसँग बढ्दो चालुखाता घाटा पुरा गर्नको लागि बढी भा.रू. खरिद भएको हो।

खुला बजार कारोवार

११. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा अल्पकालीन तरलता व्यवस्थापन गर्न दोस्रो बजार कारोवारअन्तर्गत रिभर्स रिपो बोलकबोल उपकरणमार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोल मार्फत रू १ अर्ब २४ करोड गरी रू ६ अर्ब ८१ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री वोलकवोलबाट रू ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १२ अर्ब ४९ करोड गरी कुल रू १८ अर्ब ३८ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आन्तरिक कर्जाको माग बढेको र अमेरिकी डलर बिक्री गरी भा.रू. खरीद गर्नु परेकोले कम तरलता प्रशोचन गर्नु परेको हो।

तालिका १: खुला बजार कारोवारको स्थिति (पहिलो पाँच महिना)

(रू. करोडमा)

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| कुल तरलता प्रशोचन | १८३८.० | ६८१.० |
| बिक्री बोलकबोल | ५८९.० | १२४.० |
| रिर्भस रिपो बोलकबोल | १२४९.० | ५५७.० |
| कुल तरलता प्रवाह | ०.० | ०.० |
| खरीद बोलकबोल | - | - |
| रिपो बोलकबोल | - | - |
| खुद तरलता प्रशोचन | १८३८.० | ६८१.० |

अन्तरबैंक कारोवार

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार उच्च रहेको छ। अघिल्लो वर्षको पाँच महिनाको अवधिमा कुल रू ७७ अर्ब १४ करोड बराबरको अन्तर बैंक कारोवार भएकोमा समीक्षा अवधिमा कुल रू १४३ अर्ब ७६ करोड बराबरको अन्तर बैंक कारोवार भएको छ। यस अवधिमा अन्तर बैंक कारोवार बढ्नुको अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ। अघिल्लो वर्ष सो सुविधा अन्तर्गत रू ५ अर्ब १२ करोड उपयोग भएकोमा समीक्षा अवधिमा रू ३६ अर्ब १९ करोड उपयोग भएको छ। समीक्षा अवधिमा मूलतः आन्तरिक कर्जाको माग बढेकोले गर्दा अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग बढेको हो ।

तालिका २ : अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा
(पहिलो पाँच महिना)

रू करोडमा

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| स्थायी तरलता सुविधा | ५१२.१ | ३६१९.० |
| अन्तर बैंक कारोवार | ७७१४.२ | १४३७६.० |

अल्पकालीन व्याजदर

१३. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा व्याजदर बढेको छ। समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ३.५९ प्रतिशत रह्यो, जुन अघिल्लो वर्षको यसै अवधिमा १.९८ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर १.३४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ४.७३ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको निक्षेप व्याजदर भने समीक्षा अवधिमा यथावत कायम रहेको छ । समीक्षा

अवधिमा आन्तरिक कर्जामा वृद्धि भै अधिक तरलतामा कमी आएकोले अल्पकालीन व्याजदरहरू केही बढेको हो ।

तालिका ३: ९१-दिने ट्रजरी विल्स तथा अन्तर बैंक कारोवारको व्याजदर

प्रतिशतमा

| | ९१-दिने | | भारित औसत अन्तर बैंक दर | |
|---|---|---|---|---|
| | २०६३/६४ | २०६४/६५ | २०६३/६४ | २०६४/६५ |
| साउन | २.९९ | ४.२५ | २.०७ | ४.१० |
| भदौ | २.७८ | २.१४ | १.८३ | २.१८ |
| असोज | २.५४ | २.१६ | २.११ | ३.३५ |
| कात्तिक | २.११ | ३.०३ | १.२० | ३.७३ |
| मंसिर | १.९८ | ३.५९ | १.३४ | ४.७३ |

## धितोपत्र बजार

१४. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क १०१.७ प्रतिशतले वृद्धि भई २०६४ मंसीर मसान्तमा १०२५.९१ विन्दुमा पुगको छ। यो सूचकाङ्क २०६३ मंसीर मसान्तमा ५०८.५८ थियो ।

१५. बजार पूंजीकरण वार्षिक विन्दुगत आधारमा १५१ प्रतिशतले वृद्धि भई २०६४ मंसीर मसान्तमा रू. ३२२ अर्ब ६२ करोड पुगेको छ। परिणामस्वरूप २०६४ मंसीर मसान्तमा बजार पूंजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात ४०.६ प्रतिशत पुगेको छ। २०६३ मंसीर मसान्तमा यस्तो अनुपात १७.९ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरूको वजार पूंजीकरणमा विगतमाभैं बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१६. सूचीकृत कम्पनीहरूको चुक्ता पूंजीको वार्षिक वृद्धि १६.३ प्रतिशत रही २०६४ मंसीर मसान्तमा रू.२३ अर्ब ८५ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो ।

१७. २०६४ मंसीर मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरूको संख्या १४२ पुगेको छ। २०६३ मंसीर मसान्तमा यो संख्या १४१ रहेको थियो। हाल सूचीकृत कम्पनीहरूमध्ये १०७ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१८. २०६४ मंसीर मसान्तमा मासिक कारोवारको वजार पूंजीकरणसंगको अनुपात (Turnover Ratio) ०.८५ प्रतिशत पुगेको छ। यस्तो अनुपात २०६३ मंसीर मसान्तमा ०.७३ प्रतिशत रहेको थियो ।

१९. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ मंसीर मसान्तमा ५६.२ रहेकोमा २०६४ मंसीर मसान्तमा १८५.४ पुगेको छ।


२०. प्राथमिक निश्काशन तर्फ, आर्थिक वर्ष २०६४।६५ को पहिलो पांच महिनाको अवधिमा नेपाल धितोपत्र वोर्डले ७ वटा कम्पनीहरूलाई रू २७ करोड ४४ लाख बरावरको साधारण शेयर र अन्य १० वटा कम्पनीहरूलाई रू २ अर्व २१ करोड २९ लाख बरावरको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ।

२१. नेपाल स्टक एक्सचेन्ज लि. मा २०६४ असार मसान्तसम्ममा रू ७ अर्ब ५ करोड बराबरका सरकारी ऋणपत्रहरू सूचीकृत भएकोमा चालू आर्थिक वर्षको पहिलो पांच महिनामा थप रू ३ अर्ब १० करोड बराबरका सरकारी ऋणपत्रहरू सूचीकृत भएका छन्। यस अवधिमा नेपाल स्टक एक्सचेन्ज लि. मा सरकारी ऋणपत्रको दोस्रो वजार कारोबार भएन।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६४।६५ को पहिलो पाँच महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ७.३ प्रतिशत रहेको थियो। २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव र नेपाली रूपैया अमेरिकी डलरसँग अधिमूल्यन (nominal appreciation) भएको कारण गैरखाद्य वस्तु तथा सेवा समूहमा कम चाप पर्न गई समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा सुधार आएको हो।




२३. समूहगतरूपमा, खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक वृद्धिदर २०६३ मंसीर महिनामा ७.३ प्रतिशत रहेकोमा २०६४ मंसीरमा ७.१ प्रतिशत रहेको छ। यस समूह अन्तरगतका उप-समूहमध्ये दलहनको मूल्य सूचकाङ्क १४.४ प्रतिशत, तेल तथा घ्यूको १२.५ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थको १०.३ प्रतिशत र दूध तथा दुग्धजन्य पदार्थको ६.४ प्रतिशतले बढेको छ। तर चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भने समीक्षा अवधिमा १७.० प्रतिशतले गिरावट आएको छ। यसैगरी, गैरखाद्य वस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा उल्लेख्य सुधार भई ४.१ प्रतिशत कायम भएको छ। यस समूह अन्तर्गतका इन्धन बत्ती तथा पानी, घरायसी सरसामान तथा यातायात र सञ्चार उपसमूहका वस्तुहरूको मूल्यवृद्धि दर कम भएकोले यस समूहको मूल्य सूचकाङ्कमा कम चाप पर्न गएको देखिन्छ।

२४. भौगोलिक आधारमा समीक्षा गर्दा २०६४ मंसीरमा काठमाडौं उपत्यकामा ४.९ प्रतिशत, तराईमा ६.२ प्रतिशत र पहाडमा ५.३ प्रतिशतले मूल्य वृद्धि भएको छ। गतवर्ष यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.८ प्रतिशत, ७.४ प्रतिशत र ७.६ प्रतिशत रहेको थियो। तराई क्षेत्रमा भइरहेको वारम्वारको बन्द, हडताल जस्ता कारणले गर्दा अन्य भौगोलिक क्षेत्रको तुलनामा सो क्षेत्रको मूल्य वृद्धि केही उच्च रहेको देखिन्छ।

२५. २०६३ मंसीरमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ६.७ प्रतिशत रहेकोमा २०६४ मंसीरमा ४.७ प्रतिशत रहेको छ।

### थोक मुद्रास्फीति

२६. वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ मंसीरमा ८.९ प्रतिशत रहेकोमा २०६४ मंसीरमा ६.१ प्रतिशत रहेको छ। कृषिजन्य उत्पादन र स्वदेशमा उत्पादित वस्तुको मूल्य गत वर्षको तुलनामा कम दरले बढेको कारण समीक्षा अवधिमा थोक मूल्यमा कम चाप पर्न गएको हो। समूहगतरूपमा कृषिजन्य उत्पादनको मूल्य वृद्धिदर अघिल्लो वर्ष १०.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.३ प्रतिशत मात्र रहेको छ। कृषिजन्य वस्तुहरूमध्ये मरमसलाको मूल्य गत वर्ष ३४.४ प्रतिशतले बढेकोमा यस वर्ष १०.६ प्रतिशतले घटेको छ। त्यस्तै खाद्यान्न, दलहन र पशुजन्य उत्पादनको मूल्य गतवर्ष क्रमशः १६.५ प्रतिशत, २३.७ प्रतिशत र ९.६ प्रतिशतले बढेकोमा यस वर्ष क्रमशः ५.० प्रतिशत, ९.६ प्रतिशत र २.१ प्रतिशतले मात्र बढेको छ। तर तरकारी तथा फलफूल एवं नगदे बालीको मूल्य वृद्धि गत वर्षको तुलनामा यस वर्ष उच्च रहेको छ। यसैगरी, समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुको थोक मूल्य ६.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यसै अवधिमा यस्तो वृद्धिदर ९.१ प्रतिशत रहेको थियो। यस उप-समूह अन्तरगतका वस्तुहरूमध्ये निर्माण सामाग्री र खाद्यजन्य पदार्थको मूल्य गत वर्ष क्रमशः १७.६ प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः ११.१ प्रतिशत र ५.२ प्रतिशतले मात्र वृद्धि भएको छ। अर्कोतर्फ आयातित वस्तुको थोक मूल्य २०६३ मंसीरमा ७.० प्रतिशतले वृद्धि भएकोमा २०६४ मंसीरमा सीमान्तरूपमा बढेर ७.१ प्रतिशतमा रहेको छ।




### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२७. २०६४ मंसीर महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ८.० प्रतिशतले वृद्धि भएको छ। २०६३ मंसीरमा उक्त सूचकाङ्क १०.२ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको सरदर १७.० प्रतिशतको खुद वृद्धिले तलव सूचकाङ्कमा चाप पर्न गई १०.९ प्रतिशतको वृद्धि देखिएको भएता पनि गत वर्षको तुलनामा यस वर्ष समग्र ज्यालादर सूचकाङ्कमा कम चाप पर्न गएको कारण समीक्षा अवधिमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा कम दरको वृद्धि देखिएको हो । अघिल्लो वर्ष ११.७ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ६.९ प्रतिशतले मात्र बढेको छ। यस अवधिमा कृषि मजदुरको ज्यालादर गतवर्षको १२.८ प्रतिशतको उच्च वृद्धिको तुलनामा यसवर्ष ३.० प्रतिशतले मात्र वृद्धि भएको कारण समीक्षा अवधिमा ज्यालादर सूचकाङ्कमा कम चाप परेको हो । समीक्षा अवधिमा औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर क्रमशः १२.४ प्रतिशत र ९.८ प्रतिशतले वृद्धि भएको छ ।

# सरकारी वित्त स्थिति*

## सरकारी बजेट घाटा/बचत

२८. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनाको अवधिमा सरकारी बजेट रू ९ अर्ब ८१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा बजेट रू ४ अर्ब ९५ करोडले बचतमा रहेको थियो । सरकारी खर्च वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो ।

२९. कुल बजेटघाटा पूर्ति गर्ने क्रममा, नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष वाहेक) मार्फत कुल रू ५ अर्ब ८ करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैङ्कबाट रू २ अर्ब ५७ करोड बराबरको अधिविकर्ष उपयोग गरेको छ। समीक्षा अवधिमा परिचालित आन्तरिक ऋण बजेटमा व्यवस्था भएको वार्षिक आन्तरिक ऋण सीमा रू २० अर्ब ५० करोडको २४.८ प्रतिशत हुन आउँछ। सरकारले नेपाल राष्ट्र बैङ्कबाट अधिविकर्षको रूपमा अधिकतम रू ४ अर्ब ३३ करोड (अघिल्लो वर्ष उठेको खुद राजस्वको ५ प्रतिशतले हुन आउने रकम) सम्म उपयोग गर्नसक्ने व्यवस्था छ ।

३०. यसरी आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा अधिविकर्षसहित नेपाल सरकारले कुल रू ७ अर्ब ६५ करोड आन्तरिक ऋण उठाएको र रू ३ अर्ब ५१ करोड बराबरको आन्तरिक ऋण भुक्तानी गरेकोले खुद आन्तरिक ऋण रू ४ अर्ब १४ करोड मात्र परिचालन भएको छ।

३१. कुल बजेटघाटामध्ये रू २ अर्ब २४ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ।

## सरकारी खर्च

३२. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४४.३ प्रतिशतले वृद्धि भई रू ४७ अर्ब २६ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च ७.० प्रतिशतले बढेको थियो। सरकारी खर्चका तीन शीर्षकहरू चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानीमा उल्लेखनीय वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

* चालू आर्थिक वर्षको २०६४ माघ ४ सम्ममा सरकारी राजस्व २६.५ प्रतिशतले वृद्धि भई रु ४८ अर्ब ७५ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी राजस्व १९.० प्रतिशतले वृद्धि भएको थियो । २०६४ माघ ४ सम्ममा सरकारी खर्च २९.४ प्रतिशतले वृद्धि भई रू ५८ अर्ब ९७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी खर्च १०.९ प्रतिशतले वृद्धि भएको थियो । २०६४ माघ ४ सम्ममा बजेट घाटा रू २ अर्ब ७४ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बजेट रू ३ अर्ब ७९ करोडले बचतमा थियो । २०६४ माघ ४ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू ७ अर्ब ६४ करोड नगद बचत रहेको छ । अघिल्लो आर्थिक वर्षको रू ३ अर्ब १२ करोड नगद बचत समेत समावेश गर्दा २०६४ माघ ४ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग कुल रू. १० अर्ब ७७ करोड नगद बचत रहेको छ।

३३. अघिल्लो वर्ष नेपाल सरकारको चालू खर्च ६.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २७.७ प्रतिशतले वृद्धि भई रू ३० अर्ब ९५ करोड पुगेको छ। राहत खर्च वृद्धि, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारी खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

३४. समीक्षा अवधिमा पूँजीगत खर्च १२०.३ प्रतिशतले वृद्धि भई रू ७ अर्ब ४३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १४.६ प्रतिशतले बढेको थियो । नेपाल आयल निगमलाई रू ५० करोड भुक्तानी, गरीबी निवारण कोषलाई रू १ अर्ब २० करोड भुक्तानी, कृषि विकास बैङ्कमा रू १ अर्ब ७५ करोड शेयर लगानी, नेपाल विद्युत प्राधिकरणलाई रू ५२ करोड शेयर लगानी र स्थानीय निकायलाई अनुदान रकम निकासा भएको कारण समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो ।

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३५. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २१.० प्रतिशतले वृद्धि भई रू ३२ अर्ब ३६ करोड पुगेको छ। अघिल्लो वर्ष राजस्व १३.० प्रतिशतले बढेको थियो । भन्सार एवं अन्तःशुल्क प्रशासनमा गरिएको सुधारको फलस्वरूप भन्सार एवं अन्तःशुल्क राजस्वको वृद्धिदरमा विस्तार भएको, आयकर राजस्व एवं मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको र गैरकर राजस्वको वृद्धिदर पनि बढेको कारण समीक्षा अवधिमा कुल राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

३६. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत् रू ३ अर्ब ४२ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष सो शीर्षकमा रू ७ अर्ब २३ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

३७. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनामा कुल निर्यात ६.९ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ०.२ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ९.३ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फको निर्यात १.४ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ०.९ प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको १.२ प्रतिशतले घटेको थियो ।

३८. भारततर्फ मुख्यतया वनस्पति घ्यू, टुथपेष्ट, कपडा, रसायन तथा तार एवं अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, नेपाली कागज तथा त्यसबाट निर्मित सामान र छालाको निर्यातमा उल्लेख्य ह्रास आएको कारण कुल निर्यात घटेको हो ।

३९. आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा कुल आयात १.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १०.० प्रतिशतले बढेको थियो। कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा २.४ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षकै हाराहारीमा रहेको छ। अघिल्लो वर्ष भारत एवं अन्य मुलुकबाट भएको आयात क्रमशः १०.५ प्रतिशत र ९.२ प्रतिशतले बढेको थियो।

४०. आर्थिक वर्ष २०६४/६५ को प्रथम पाँच महिनामा भारतबाट मुख्यतया सवारी साधन तथा पाटपुर्जा, एम.एस. विलेट, हट रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनेरी तथा पूर्जा र पाइप तथा पाइप फिटिङ्ग एवं अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामाग्री, विद्युतीय सामाग्री, सवारीसाधन तथा पाटपुर्जा एवं अन्य मेशिनेरी तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ।

४१. आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनाको अवधिमा घाटामा रहेको समग्र शोधनान्तर स्थिति पहिलो पाँच महिनाको अवधिमा रू. २ करोडले बचतमा फर्केको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ५ अर्ब ७८ करोडले बचतमा थियो।

## विदेशी विनिमय सञ्चिति

४२. २०६४ मंसीर मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा ०.२ प्रतिशतले बढी रू. १६५ अर्ब ३७ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को मंसीर मसान्तमा यस्तो सञ्चिति ३.८ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा गणना गर्दा भने २०६४ असारदेखि मंसीर मसान्तसम्ममा कुल सञ्चिति २.७ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ६१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ७.६ प्रतिशतले वढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.३ महिनाको वस्तु आयात र ८.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

४३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ मंसीर मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ६२.५८ रहेकोमा २०६४ मंसीर मसान्तमा ४८.९ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ९३.१९ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ मंसीर मसान्तको तुलनामा २०६४ मंसीर मसान्तमा २६.६ प्रतिशतले वृद्धि भई प्रतिआउन्स अमेरिकी डलर ६२३.७५ बाट अमेरिकी डलर ७८९.५० पुगेको छ।

## विनिमय दर प्रवृत्ति

४४. २०६४ असार मसान्तको तुलनामा २०६४ मंसीर मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.५३ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ३.७१ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६३ मंसीर मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७१.४५ रहेको थियो भने २०६४ मंसीर मसान्तमा उक्त विनिमय दर रू. ६३.२५ मा झरेको छ।